# नरहरिनाथ गाउँपालिका
# स्थानीय राजपत्र

खण्ड - १ कालीकोट, चैत २५ गते २०७४ साल (अंक १)
नरहरिनाथ गाउँपालिकाको गाउँसभाबाट स्वीकृत मिति २०७४/१२/०५
प्रमाणिकरण मिति २०७४/१२/१९ प्रकाशन मिति २०७४/१२/२५

## भाग–१
## नरहरिनाथ गाउँपालिका
## कुमालगाउँ, कालीकोट
## कर्णाली प्रदेश

नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम नरहरिनाथ गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको "**स्थानीय सेवा ऐन**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

स्थानिय सरकारको रुपमा रहेको गाउँपालिकालाई संविधान प्राप्त अधिकार हरुको प्रभावकारी कार्यन्वयन गरी जनतामा सम्बृद्धि ल्याउन स्थानिय सेवा गठन गरी स्थानिय सेवालाई सक्षम सुदृढ, सेवामुलक र उत्तरदायी बनाउन बाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम नरहरिनाथ गाउँपालिकाको कार्यालय, गाउँसभाले यो ऐन बनाएको छ। यो स्थानीय सेवा ऐन राज पत्रमा प्रकाशित भएको मितिबाट लागु हुने छ।

## नरहरिनाथ गाउँपालिकाको स्थानिय सेवा ऐन, २०७४

**प्रस्तावना:**

स्थानिय सरकारको रुपमा रहेको गाउँपालिकालाई संविधान प्राप्त अधिकार हरुको प्रभावकारी कार्यान्वयन गरी जनतामा सम्बृद्धि ल्याउन स्थानिय सेवा गठन गरी स्थानिय सेवालाई सक्षम सुदृढ, सेवामुलक र उत्तरदायी बनाउन बाञ्छनीय भएकाले नेपालको संविधान धारा ५७ को उपधारा (४) तथा अनुसुचि (८) को बुधा नं. (५) र संघिय कानुन स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद (३) दफा ११ (ङ) र सोही ऐनको दफा १०२ बमोजिम स्थानिय तहको काम गर्ने जनसक्तिको प्रभावकारी व्यवस्थापन र संचालन गर्ने हेतुले यस नरहरिनाथ गाउँपालिकाको स्थानिय सेवा ऐन २०७४ तर्जुमा गरी लागु गरिएको छ ।

### परिच्छेद- एक
### प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस ऐनको नाम स्थानिय सेवा ऐन, २०७४" रहेको छ ।

(ख) यो ऐनगाउँपालिकाभर लागू हुनेछ ।

(ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "ऐन" भन्नाले गाउँपालिकाले बनाएको स्थानिय सेवा ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले नरहरिनाथ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले नरहरिनाथ गाउँपालिकालाई सम्झनु पर्छ।

(घ) "गाउँ सभा" भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

### परिच्छेद- दुई
### स्थानिय सेवा सम्बन्धी व्यवस्था

**३. स्थानिय सेवाको ऐन, गठन गाउँपालिकाले देहाय अनुसारको स्थानिय सेवाहरुको गठन गर्न सक्नेछ ।**

(क) प्रशासन सेवा : प्रशासन, लेखा, सामाजिक सेवा, कानुन

(ख) प्राविधिक सेवा : इन्जिनियरीङ, कृषि, स्वास्थ्य, अमिन

(ग) विविध सेवा : सिपयुक्त कार्य (आई टी, वातावरण, तथ्याङ्क, कम्प्युटर), गाउँपालिका प्रहरी

(घ) शिक्षक सेवा : वाल विकास केन्द्र, आधारभुत र माध्यमिक तहका शिक्षकहरु

(ङ) स्वास्थ्य सेवा : डाक्टर, हे.अ,नर्स, अ.हे.व, अ.न.मी, फार्मेसी, ल्याव, रेडियोग्राफी, आर्युवेद र अन्य

**४. स्थानीय सेवाको तह र पद :**

स्थानीय सेवाका देहाय अनुसारको श्रेणीहरु रहनेछन ।

| तह | पद |
|---|---|
| ७/८ | प्रमुख प्रशासकीय अधिकृत |
| ८ | प्रमुख प्राशासकीय अधिकृत, निर्देशक, प्रबन्धक |
| ७ | विषय गत अधिकृत (प्राविधिक), बरिष्ठ अधिकृत |
| ६ | अधिकृत, कार्यक्रम अधिकृत |
| ५ | सहायक अधिकृत |
| ४ | प्रमुख सहायक, प्राविधिक सहायक |
| ३ | कार्यक्रम सहायक, विषयगत सहायक |
| २ | कार्यलय सहायक, फिल्ड सहायक |
| १ | कार्यालय सहयोगी |

**५. कार्यगत विवरण :**

क) कार्यगत विवरण तर्जुमा गर्ने जिम्मा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहने कार्यदलले सम्वद्ध पदनामको कार्य विवरण तर्जुमा गर्ने र त्यसको अनुमोदन कार्यपालिका बाट गर्ने ।

(ख) स्वीकृत दरबन्दी अनुसारका सवै पदहरुको कार्यविवरण अनिवार्य तर्जुमा गर्ने र प्रत्येक १/१ बर्षमा पुनरावलोकन गर्ने ।

**६. दरबन्दी विवरण:**

(क) गाउँपालिकालाई अवश्यक पर्ने कर्मचारीको दरबन्दी गाउँ कार्यपालिकाले तर्जुमा गरी स्वीकृतीका लागि गाउँ सभामा पेश गर्नुपर्नेछ ।

(ख) दरवन्दीको पुनरावलोकन कम्तिमा १ पटक वा आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिनेछ ।

(ग) दरवन्दी निर्धाण गर्दा स्रोतको सम्भाव्यता र आधारलाई लेखाजोखा गरेर मात्र गरिनु पर्ने ।

(घ) स्रोतको सम्भाव्यता गणना गर्दा कुल समानीकरण अनुदानको एक तिहाई भन्दा नबढ्ने गरी प्रशासनिक खर्च निर्धारण गरिनु पर्ने ।

**७. सेवाको प्रकृति र समयावधी :**

स्थानीय सेवाको प्रकृति र समायवधी देहाय अनुसार हुनेछ ।

(क) स्थायीः

अधिक्तम २० वर्षसम्म मात्र अधिकतम सेवा अवधि रहनेछ । भर्ना भएपछि ५ बर्षसम्म सेवा  छोड्न पाईने छैन । सेवा छोडेमा निजले अन्य कुनै सेवा सुविधा प्राप्त गर्ने छैन ।

(ख) करारः

करार प्रकृति २ प्रकारको हुनेछन्: व्यक्ति करार र सेवा करार । व्यक्ति करारमा कुनै १ व्यक्तिलाई निर्धारित अवधिको लागि छनोट गरी भर्ना गरिनेछ । सेवा करारमा व्यक्ति, संस्था वा समुहलाई समग्र कार्य वा सेवा सिमा निर्धारण गरी करार गरिनेछ ।

(ग) दुवै प्रकारका करारमा अधिक्तम २ बर्षको लागि मात्र बन्दोवस्त गर्न सकिनेछ । सो भन्दा बढी अवधिका लागि सेवा लिनु पर्ने अवस्थामा नयाँ छनोट प्रक्रिया अघि बढाउनु पर्नेछ । त्यस अवस्थामा साविक करारवालाको कार्य सम्पादन सन्तोषजनक भएमा निजलाई प्राथमिकतामा राख्ने गरी छनोट विधि तय गर्न सकिनेछ ।

## परिच्छेद ३

## स्थानीय सेवाको पदपूर्ति सम्बन्धी व्यवस्था :

**८. पदपुर्ति सम्बन्धि व्यवस्थाः**

(१) स्थायी कर्मचारीको लागि स्वीकृत दरवन्दीमा स्थायी पदपुर्ति गरी पठाई दिन स्थानीय तहले प्रदेश लोकसेवा आयोगलाई माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश लोकसेवाले छनौट गरी पठाएको उम्मेदवारलाई गाउँपालिकाले नियुक्ति दिई काममा लगाउनेछ ।

(३) उपदफा १ र २ मा जेसुकै कुरा लेखिएता पनि लोक सेवा आयोगबाट गाउँपालिकामा कर्मचारी नखटाई काम काज गर्न बाधा भएमा गाउँकार्यपालिकाले आवश्यक कोटा निर्धारण गरि प्रक्रिया अनुसार करारमा नियुक्ति दिई

काममा लगाउन सक्ने छ सो को जानकारी गाउँसभामा गराउनु पर्ने छ ।

(४) करारमा कर्मचारी नियुक्ति गर्नुपरेमा देहाय बमोजिमको कर्मचारी छनौट समितिले तोकिएको मापदण्ड पुरागरिछनौट गर्नुपर्नेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) सम्बन्धित विषयका विषय विज्ञ दुई जना कर्मचारी - सदस्य

(ग) विषयगत शाखा अधिकृत - सदस्य सचिव

(५) उपदफा (४) बमोजिमको समितिले करारमा कर्मचारी आवश्यकता सम्बन्धि सुचना जारी गर्दा करारको प्रकृति र सेवा सुविधा सहितको सुचना सार्वजानीक गरी सुचना प्रकाशित गर्नुपर्ने छ ।

नोट : सार्वजानीक सुचना जारी गर्दा कम्तिमा जिल्ला स्तरबाट प्रकाशित हुने दैनिक/साप्ताहिक पत्रिका र गाउँपालिकाका सवै वडाहरुमा सुचना टाँस गर्नुपर्नेछ ।

(६) छनौट समितिले सफल ब्यक्तिको नाम कार्यपालिकामा सिफारिस गर्ने छ र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिने छ ।

**९. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :**

(क) गाउँपालिकाले आफ्नो सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रत्येक वर्षको अपेक्षित नतिजा सहित बार्षिक वा आवधिक रुपमा देहाय अनुसार कार्यसम्पादन करार गरी कार्यान्वयन गर्नेछ ।

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्षसँग कार्यसम्पादन करार गर्नुपर्नेछ । यस्तो करार सम्झौता उपाध्यक्ष र कार्यपालिका सदस्यहरुको रोहवरमा हुनेछ । कानुन अनुसार नेपाल सरकारबाट कर्मचारीको व्यवस्था सोहि ऐन अनुरुप हुनेछ ।

(ग) गाउँपालिकाका विषयगत शाखा हेर्ने अधिकृत वा विषयगत समितिको संयोजकको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(घ) विषयगत शाखा प्रमुखले आफ्ना मातहतका कर्मचारीसँग समेत कार्यसम्पादन करार सम्झौता गर्न सक्नेछ ।

(ङ) कार्यसम्पादन करार सम्झौताले बर्षभरी वा निश्चित अवधिभरमा गरिने काम र सो बाट प्राप्त हुने नतिजालाई समेत सुचकको रुपमा उल्लेख गर्नु पर्नेछ ।

(च) कार्य सम्पादन करार सम्झौता अवधि एक वर्ष वा निश्चित अवधि तोकेर गर्न सकिनेछ । करार सम्झौता अनुसार काम भए नभएको मुल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतको हकमा कार्यपालिका आफै वा विज्ञको सहयोगमा गर्ने । अन्य कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृतले तयार गरी कार्यपालिकाले अनुमोदन गर्नु पर्ने ।

**१०. समावेशी अवधारणा अवलम्बन गर्नु पर्ने :**

स्थायी भर्ना प्रकृयामा संघीय कानुन अनुसार समावेशिता अपनाउनु पर्नेछ भने करार कर्मचारी भर्ना गर्ने प्रक्रियामा छनौट नतिजामा समान अंक प्राप्त भएको अवस्थामा समावेसितालाई पहिलो प्राथमिकता दिनु पर्ने छ ।

**११. शपथ ग्रहण :**

सबै तह र प्रकृतिका कर्मचारीले कामकाज सुरु गर्नु अघि प्रमुख प्रशासकीय अधिकृतसमक्ष शपथ ग्रहण गर्नु पर्नेछ ।

## परिच्छेद ४

## सेवा प्रवेशको तह र योग्यता

**१२. स्थानीय सेवामा प्रवेशको तह र न्यूनतम योग्यता :**

स्थानीय सेवामा प्रबेशको तह र न्यूनतम शैक्षिक तथा अनुभव सम्बन्धि योग्यता सूचनामा तोकिए बमोजिम हुनेछ ।

**१३. सेवा प्रवेशको तहः**

स्थानिय सेवामा प्रवेश तह देहाय अनुसार हुनेछ ।

(क) स्थायी तह ३ र तह ६ मा मात्र खुल्लाबाट सेवा प्रबेश हुनेछ ।

(ख) तह ३ को लागि २१ बर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० बर्ष) र तह ६ को लागि २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको महिलाको हकमा हुनुपर्नेछ ।

(ग) करार : आवश्कता अनुसार सबै तहमा भर्ना गर्न सकिने छ तर करार पदका लागि उमेरको हदबन्दि लाग्ने छ

**१४. सेवा सुविधा :**

यस सेवा अर्न्तगत कार्यरत कर्मचारीहरुको लागि देहायका दफा १ र २ बमोजिम सेवा सुबिधा उपलब्ध गराईनेछ

(१) स्थायी कर्मचारी :

नेपाल सरकारले तोके बमोजिम तलब + कार्यसम्पादन प्रोत्साहन स्वास्थ्य विमा+ संचय कोष + उपदान+ पर्व भत्ता + पोशाक

(२) अस्थायी कर्मचारी :

तलब+स्वास्थ्य विमा+कार्यसम्पादन प्रोत्साहन + पर्व भत्ता, पोशाक र महंगी भत्ता

(३) सेवा करार :

एक मुष्ट पारिश्रमिक वा सेवा शुल्क

(४) अस्थायी र करार सेवाको लागि तलब स्केल गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**१५. उपदान :**

५ बर्ष भन्दा बढी सेवा गरेपछि मात्र उपदान दिईनेछ । उपदानको रकम प्रति सेवा बर्ष, दश बर्ष सम्मको लागि एक महिनाको तलब बराबर रकम, एघार देखि पन्ध्र बर्ष सेवा गरेकाको लागि डेढ महिनाको तलब बराबर र पन्ध्र बर्ष देखि विस बर्ष सेवा गरेका को लागि दुई महिनाको तलब बराबरको रकम र सो देखि माथि सेवा गरेकाको हकमा २ महिनाको तलब बराबरको रकम उपलब्ध गराउने ।

**१६. विदाः**

कर्मचारीको  लागि बार्षिक १८ दिन घर विदा ६ दिन पर्व विदा ६ दिन भैपरि आउने विदा १२ दिन विरामि बिदा उपलब्ध हुनेछन । अन्य विशेष विदाहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

१७ अध्ययन, तालिम वा अवलोकन भ्रमणः

क) कर्मचारीको वृत्ति विकास, अध्ययन, तालिम र बाह्य अवलोकन भ्रमणमा छनौट प्रक्रिया न्योचित र पारदर्शी हुनपर्नेछ ।

(ख) विदेशका तालिम अध्ययनहरुमा अधिकृत स्तरका कर्मचारीहरु र स्वदेशका अवसरहरुमा सबै तहका कर्मचारीहरुलाई प्राथमिकतामा राख्नुपर्नेछ ।

## परिच्छेद ५

## कार्यसम्पादन मुल्याङ्कन, सरुवा, बढुवा, तालिम र कार्वाही तथा पदबाट हटाईने सम्बन्धि व्यबस्था ।

**१८. वढुवा :**

(क) स्थायीको हकमा तोकिएको शैक्षिक योग्यता पुरा भई कार्यरत पदमा ८ बर्ष सेवा गरेको अवस्थामा १ तह बढुवा हुनेछ । तर करारको हकमा वढुवा हुने छैन ।

(ख) लगातार ५ बर्षको गणनामा ९० प्रतिशत भन्दा बढी का.स.मु. को नम्बर प्राप्त गर्ने कर्मचारीलाई ६ बर्ष पुगेपछि एक तह बढुवा गर्न सकिनेछ ।

**१९. कार्यसम्पादन मुल्याङ्कन:**

स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको नियमित कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेछ ।

(क) कर्मचारीको बार्षिक कार्यसम्पादन मूल्याङ्कन वर्षमा १ पटक गरी तोकियको निकायहरुमा त्यसको अभिलेख गर्नुपर्नेछ । कार्यसम्पादनको मुल्याङ्कन गर्न तोकिय बमोजिमको कार्यसम्पादन मुल्याङ्कन फारम प्रयोग गरिनेछ ।

(ख) कार्यसम्पादन मुल्याङ्कनको कुल अंकको विभाजन देहाय बमोजिम हुनेछ ।

क) सुपरिबेक्षकले दिन सक्ने अधिकतम - ६० प्रतिशत

ख) पुनरावलोकन कर्ताले दिन सक्ने अधिकतम - २५ प्रतिशत

ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम - १५ प्रतिशत

(ग) सुपरिबेक्षक, पुनरावलोकनकर्ता, पुनरावलोकन समितिले स्थानीय सेवाका कर्मचारीहरुको कार्यसम्पादन बापत अंक दिदा यस दफा र कार्यसम्पादन मुल्याङ्कन फारममा उल्लेखित आधार अनुसार दिनु पर्नेछ ।

(घ) अघिल्लो बर्षको कार्य सम्पादन मुल्याङ्कन नयाँ आर्थिक बर्षको पहिलो महिनामा गरिसक्नु पर्नेछ ।

(ङ) करारको हकमा कार्यसम्पादन मुल्याङ्कनमा बार्षिक ८० प्रतिशत अंक ल्याउने कर्मचारीका लागि तलब स्केलको १५ प्रतिशत सम्म प्रोत्साहन भत्ता दिन सकिनेछ ।

**२०. सरुवा :**

गाउँपालिकाले कर्मचारीको दरबन्दी अनुसार आफ्नो क्षेत्र भित्र तपसिलको मापदण्डको आधारमा सरुवा गर्न सक्नेछ। सरुवाको अधिकार प्रमुख प्राशासकीय अधिकृतमा निहित रहनेछ।

(क) आवश्यकताको आधारमा

(ख) जिम्मेवारी प्रति उत्तरदायी नभएमा

(ग) सन्तोषजनक सेवा प्रवाह नभएमा

(घ) कार्यालयमा अनियमितता भएमा।

**२१. बार्वाही तथा पदमुक्त गर्न सक्ने व्यावस्था :**

(क) नसियत दिन सकिने

१. विना कारण जानकारी नदिई लगातार वा पटक पटक गरि महिनामा पन्ध्र दिन कार्यालयमा अनुपस्थित भएमा।

२. प्रचलित कानुन उल्लङ्घन गरेमा।

३. कार्यालय प्रमुखको मातहतमा नरहेमा।

४. काम काज प्रति उत्तरदायी नभएमा।

५. आफ्नो जिम्मा पुरा नगरेमा।

६. सेवा ग्राहीको गुनासो प्रति वेवास्ता गरेमा।

७. कर्मचारी प्रशासन सम्बन्धी बनेका ऐन कानुन बमोजिम काम नगरी ऐन कानुन विपरित काम गरेमा

(ख) पदबाट मुक्त गर्न सक्ने व्यावस्था :

१. कार्यलय प्रमुखको मातहतमा नरहेमा।

२. कार्यालय सम्बन्धी गोप्य राख्नु पर्ने कागजात कुनै प्रेस, अनाकुल व्याक्ति गैर सरकारी संघ संस्था अन्य व्यक्तिलाई दिएको प्रमाणित भएमा।

३. कार्यालयमा बारम्बार मदिरा सेवन गरि उपस्थित भएमा।

४. विना सुचना १५ दिन सम्म कार्यालयमा उपस्थित नभएमा।

५. सुधार गर्नका लागि बारम्बार लिखित चेतावनि दिदा पनि सुधार नगरि सार्वजानीक सेवा प्रवाहमा असर पर्ने देखिएमा।

६. कुनै राजनितिक दलको सम्बन्धि सदस्यता लिएको प्रमाणित भएमा।

७. नैतिक पतन देखिने फौजदारी अभियोग कुनै अदालतबाट प्रमाणित भएमा।

८. करार कर्मचारीको हकमा करार सम्झौतामा उल्लेख भएका सर्तहरुमा बारम्बार उल्लङ्घन गरेमा।

९. सेवाग्राहीको गुनासो बारम्बार वेवास्ता गरेको जनगुनासो आई सो प्रमाणित भएमा ।

१०. बारम्बार लिखित जफाब तथा स्पस्टिकरण माग्दा त्यसको व्यवास्था गरेमा ।

(ग) दफा २१ को उपदफा क र ख मा जेसुकै कुरा लेखिएको भएता पनि नसियत तथा पद मुक्त गर्नु अगाडि मौखिक तथा लिखित सफाई तथा स्पष्टीकरणको मौका बाट बञ्चित गरिने छैन ।

## परिच्छेद-६

## प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्था

**२२. प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति :**

(क) संघीय कानूनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृत नियुक्त गर्न सकिने छ ।

(ख) प्रमुख प्रशासकीय अधिकृतको नियुक्तिका लागि एक सिफारिस छनौट समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) कार्यपालिकाबाट अनुमोदित विषय विज्ञ उपाध्यक्ष - सदस्य

(ग) जिल्ला समन्वय अधिकारीले तोकेको अधिकृत कर्मचारी - सदस्य सचिव

**२३. योग्यता र अनुभवः**

प्रमुख प्रशासकीय अधिकृतको लागि न्यूनतम स्नातकोत्तरवा स्नातकगरी विकास विषय क्षेत्रमा सात बर्षको अनुभव भएको नेपाली नागरीक हुनुपर्नेछ ।

२४. प्रमुख प्राशासकीय अधिकृतको छनौटको लागि आवश्यक न्यूनतम योग्यता, क्षमता, सेवा सुविधा र सेवाको प्रकार सहित आवेदन दिन निश्चित अवधि तोकि राष्ट्रिय स्तरको दैनिक प्रत्रिकामा सुचना प्रकासन गर्नु पर्नेछ ।

२५. कार्यअवधि बढिमा ५ बर्षका लागि प्रमुख प्राशासकीय अधिकृतको रुपमा करारमा भर्ना गर्न सकिनेछ । म्याद समाप्त भएको मितिले थप ६ महिना म्याद थप्न सकिनेछ ।

**२६. सेवा सुविधा र कार्य विवरणः**

प्रमुख प्राशासकीय अधिकृतको सेवा सुविधा स्थानीय कार्यपालिकाले निर्धारण गर्ने र कार्य विवरण संघीय कानुन र गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-७
## संक्रमणकालीन व्यवस्था

**२७. संक्रमणकालीन व्यवस्था :**

(क) गाउँपालिकाले निर्धारण गरेको दरबन्दीमा नेपाल सरकारबाट खटिइ आएका कर्मचारीहरुलाई समायोजन गर्नु पर्नेछ ।

(ख) निर्धारित दरबन्दीमा कोहि नआएको खण्डमा कार्यपालिकाले न्यूनतम् ६ महिनाका लागि करारमा भर्ना गर्न सक्नेछ ।

निर्धारित दरबन्दी अनुसारका आवश्यक कर्मचारी नेपाल सरकारले पठाउन नसक्ने भनी लेखि पठाएमा सो पदमा व्यक्ति करारको व्यवस्था अनुसार भर्ना गर्न सकिनेछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति यस ऐन बमोजिम नहुन्जेल सम्मका लागि नेपाल सरकारबाट खटिइ आएका कर्मचारीबाट काम काज गर्ने गराउनु पर्नेछ ।

## परिच्छेद-८
## विबिध

**२८. जिम्मेवारी नदिई राख्न नहुने :**

स्थायी र करारमा रहेका कर्मचारीहरुलाई कुनै शाखा, इकाई वा वडा कार्यालयहरुमा काममा लगाउनु पर्नेछ । यसको जिम्मेवारी प्रमुख प्राशासकीय अधिकृतको हुनेछ । कर्मचारीलाई जिम्मेवारी नदिई राख्नु हुदैन ।

**२९. सम्पति विवरण दर्ता गर्नुपर्नेः**

आफ्नो र एकाघरका परिवारका सदस्यहरुको नाममा रहेको सम्पति विवरण गाउँपालिका समक्ष पेश गर्नुपर्ने र बार्षिक रुपमा अध्यावधिक गर्नु पर्ने छ ।

**३०. राजनीतिमा र निजि व्यापारमा भाग लिन नहुने :**

यस सेवामा कार्यरत कर्मचारी कुनै पनि राजनितिक दल वा भार्ति संगठनको सदस्य हुन पाईने छैन । यस ऐन विपरित सदस्यता लिईएको पाईएमा कार्यसम्पादन मुल्याङ्कन रोक्का गर्न सकिनेछ । स्थायी, अस्थायी र करार कर्मचारीले कुनै व्यापारिक फर्म, प्राईभेट लि.को प्रोमोटेड सेयर होल्डर बन्न पाईने छैन ।

**३१. पुनरावेदन :**

तोकिएको अधिकारीले गरेको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**३२. नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यन्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**३३. बाधा अड्काउ फुकाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। तर यस्तो आदेश गाउँ सभाबाट ६ महिना भित्र अनुमोदन नगरेमा स्वत निस्कृय हुनेछ ।

**३४. बचाउ र लागु नहुने :**

(क) यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियममा लेखिएजति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(ख) संविधानसंग बाझिएको अवस्थामा यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हद सम्म स्वत निस्कृय हुनेछ ।

आज्ञाले
धर्मेन्द्र शाह
निमित प्रमुख प्रशासकीय अधिकृत
नरहरिनाथ गाउँपालिकाको कार्यालय
कुमालगाउँ कालीकोट

मुद्रित मूल्य रू.१०।-